# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमअन्तर्गत नागरिक सचेतता केन्द्रको प्रभावकारिता

*मीनबहादुर शाही

*सार सङ्क्षेप*

*यो अध्ययन स्थलगत अवलोकन तथा द्वितीय तथ्याङ्कमा आधारित छ । हो । नेपाल सरकारले स्थानीय निकायहरुमार्फत् हाल देशैभरि बृहत् कार्यक्रमका रुपमा रुपान्तरित सामाजिक परिचालन अवधारणालाई स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका नाममा सञ्चालन गरिरहेको छ । यो कार्यक्रम टीकापुर नगरपालिकाका ९ (नौ) वटै वडाहरुमा सञ्चालित छ । यस कार्यक्रमको प्रमुख उद्देश्य स्थानीय निकायबाट प्रदान गरिने सेवा सुविधामा सीमान्तीकृत तथा बहिष्करणमा परेका समुदायहरुको अधिकारको सचेतीकरणबाट पहुँच वृद्धि गर्ने तथा सेवा प्रदायक संस्थाको सेवा सुविधा वितरणमा प्रभावकारिता ल्याउनु हो । सीमान्तकृत समुदायको सशक्तीकरण गर्ने रणनीतिका रुपमा नागरिक सचेतना केन्द्रलाई यस कार्यक्रममा एक महत्त्वपूर्ण पक्षका रुपमा लिएको देखिन्छ । नागरिक सचेतना केन्द्र विपन्न तथा बञ्चितीमा परेका समुदायको सचेतना विकासबाट सशक्तीकरण गर्ने चौतारी वा कक्षा हो । यस अवधारणलाई रिफ्लेक्ट वृत्त पनि भनिन्छ । यो ब्राजिलिएन शिक्षा विद् पाउलो फ्रेरेको साक्षरताको अवधारणा हो । यस अध्ययनले नागरिक सचेतना केन्द्रको लक्षित समुदायमा परेको प्रभावको अध्ययन गर्ने प्रयास गरिएको छ । यसमा लक्षित समूह छलफल, अन्तर्वार्ता, घटना अध्यय,अवलोकन तथा नगरपालिका र सेवा प्रदायक संस्थाका कार्यक्रका प्रगति प्रतिवेदन अध्ययन गरिएको छ । नागरिक सचेतना केन्द्रले विपन्न तथा बहिष्करणमा परेका नागरिकहरुलाई सङ्गठित गराई सहभागितात्मक रुपमा दैनिक जीवन सँगका समस्याहरुको व्यावहारिक छलफल तथा संवातबाट सचेतीकरण हुने र सामाजिक रुपान्तरणमा सकारात्मक प्रभाव परेको देखिन्छ छ । सचेतना केन्द्रका सहभागीहरु स्थानीय समस्याहरुको सङ्गठित रुपमा समाधान गर्ने बानी तथा सिपको विकास भइरहेको पाइयो । महिलाहरुको सामाजिक गतिविधिमा सहभागिता तुलनात्मक रुपमा पहिलेभन्दा बृद्धि भएको देखिन्छ जसको फलस्वरुप महिलाहरुले आफ्नो सामाजिक हैसियत बृद्धि भएको महसुस गरेका छन् ।*

***मुख्य शब्दहरु:*** *नागरिक सचेतना केन्द्र, सीमान्तकृत समुदाय, सचेतीकरण, ससक्तिकरण, सहभागिता, स्थानीय शासन,जवाफदेहिता, सामाजिक परिचालन*

**उपप्राध्यापक, टीकापुर बहुमुखी क्याम्पस*

## पृष्ठभूमि

नेपालमा वि.स. २००७ सालपछि सरकारी तथा गैर सरकारी स्तरबाट विकासका विभिन्न अवधारणा, विधि, मोडेल, कार्यक्रम तथा रणनीतिहरुको स्थानीय स्तरमा प्रयोग भएको पाइन्छ। विकासका यी विभिन्न प्रयोगको समुदाय स्तरमा सकारात्मक, नकारात्मक तथा मिश्रित प्रभाव परेको देखिन्छ। वि.स. २०४६ साल पछिको राजनीतिक परिवर्तन सँगसँगै विकासमा सरकार, नागरिक, समाज, निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय समुदायको सहभागिता तथा साझेदारी अभिबृद्धि देखिन्छ। स्थानीय स्तरको विकास र सरोकारमा स्थानीय निकायहरुको हैसियत तथा जिम्मेवारीमा बढोत्तरी भएको छ। स्थानीय निकायलाई सक्षम तथा प्रभावकारी बनाउनका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५ निर्माण भएको छ। तर वर्तमान समयमा देशमा देखिएको राजनीतिक सङ्क्रमणले गर्दा स्वायत्त शासन पद्धतिको स्थानीय जनताले अनुभूति गर्न सकेका छैनन्। निर्माण भएका नीति नियम तथा ऐनको पूर्णरुपमा कार्यान्वय भएको छैन। विकासका लागि विभिन्न पक्ष सरकार, निजी क्षेत्र, अन्तर्राष्ट्रिय समुदायबाट गरिएका प्रयासहरुले अपेक्षा गरेअनुसारको स्थानीय स्तरमा विपन्न तथा बन्चितीमा परेका वर्ग समुदायको सामाजिक हैसियत उठ्न सकेको छैन। नेपाल सरकाले विगत दुई दशक यता स्थानीय निकाय अन्तर्गत गाउँ नगर साझेदारी, सहभागितात्मक जिल्ला विकास कार्यक्रम, आफ्नो गाउँ आफै बनाऔं, लक्षितमुखी कार्यक्रम जस्ता कार्यक्रमहरु देशव्यापी रुपमा लागु गरेको थियो। यस्ता कार्यक्रमहरुले समुदाय स्तरमा केही सकारात्मक प्रभाव पारेको पनि देखिन्छ। तर स्थानीय स्तरमा शक्ति तथा स्रोत साधनबाट बञ्चितिमा परेका समुदायहरुको आर्थिक सामाजिक रुपान्तरण हुन अझै बाँकी देखिन्छ। गरिबी निवारण तथा सामुदायिक विकासका लागि नेपालमा स्थानीय स्तरमा लागु गरिएको एउटा महत्त्वपूर्ण रणनीति सामाजिक परिचालन पनि हो। सामाजिक परिचालनलाई नेपालमा हालसम्म तिन भागमा वर्गीकरण गरेको पाइन्छ। पहिलो लक्षित वर्गमा आधारित सामाजिक परिचालन दोस्रो समग्रता तथा विषयगत सामाजिक परिचालन तेस्रो रुपान्तरितमा आधारित सामाजिक परिचालन। नेपालमा सन् २००८ देखि स्थानीय निकायमार्फत् सञ्चालित बृहत् कार्यक्रम स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम रुपान्तरणमा आधारित सामाजिक परिचालन कार्यक्रम हो। जुन अवधारणा हाल नेपालमा स्थानीय निकायहरु अन्तर्गत सञ्चालित छ।

### स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

नेपाल सरकारले स्थानीय शासन तथा सामुदायिक विकासमार्फत् महसुस गर्न सकिने गरी वञ्चितिमा परेको वर्ग तथा समुदायको परिवर्तनको लागि राष्ट्रिव्यापी रुपमा स्थानीय निकायअन्तर्गत कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यो बृहत् अभियानको प्रारम्भ आर्थिक वर्ष २०६६/०६७ देखि भएको थियो। हाल यो बृहत् अभियान स्थानीय शासन तथा सामुयिक विकास कार्यक्रम (LGCDP) का रुपमा ७५ वटा जिल्ला विकास समिति, ५८ वटा नगरपालिका तथा ३९१५ वटा गा.वि.स.मा लागु भएको छ। सम्भवतः यो नेपालमा सामुदाय स्तरका कार्यक्रमहरुमा हालसम्मकै सबभन्दा ठुलो अभियानका रुपमा लिन सकिन्छ। टीकापुर नगरपालिकामा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम आर्थिक वर्ष २०६६/२०६७ देखि सञ्चालित छ। प्रथम चरणमा टीकापुर नगरपालिकाको वडा नं. १ देखि वडा नं.८ मा लागु भएको थियो। दास्रो चरण अन्तर्गत टीकापुर नगरपालिकाका ९ वटै वडामा कार्यक्रम लागु भएको छ। यस कार्यक्रमको मूल उद्देश्य राज्यमा विद्यमान प्राकृतिक, आर्थिक, सामाजिक, स्रोत र साधन एवम् प्रवाह र सुविधामा सबै नगरबासीको समान सहभागिता, पहुँच, नियन्त्रण र स्वामित्व स्थापित गरी जीवन स्तरमा सुधार ल्याउनु रहेको छ। त्यसैगरी स्थानीय निकायको क्षमता, सेवा सुविधा वितरणमा प्रभावकारिता बृद्धि गर्ने गरी नागरिकप्रति उत्तरदायी बनाउने रहेको छ।

### नागरिक सचेतना केन्द्र

स्थानीय शासन तथा सामुदयिक विकास कार्यक्रमअन्तरर्गत नगरपालिकाका वडाहरुमा पहुच तथा विपन्नता मापनका आधारबाट तुलनात्मक रुपमा विपन्न तथा सीमान्तीकृत समुदायहरुको बसोबास रहेको बस्ती छनोट गरि प्रत्यक वडामा एक एक वटा नागरिक सचेतना केन्द्र स्थापना गरिएको छ। नागरिक सचेतना केन्द्र,विपन्न तथा बञ्चितीमा परेका समुदायको चेतना विकास गरी सशक्तीकरण गर्ने चौतारी वा कक्षा हो। यस अवधारणालाई रिफ्लेक्ट वृत्त (REFLECT Circle) पनि भनिन्छ। यो ब्राजिलका शिक्षा विद् पाउलो फेरेको साक्षरताको अवधारणा हो। नेपालमा विपन्न तथा वञ्चितीमा परेका समुदायको साक्षरता तथा सशक्तीकरणका लागि विगत दुई दशकदेखि नेपालमा विभिन्न क्षेत्रमा विभिन्न नामबाट स्थानीय बस्तीस्तरमा अनुसरण गरिएको अवधारण हो। स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमा यस अवधारणालाई रुपान्तरित सामाजिक परिचालनको विधिका रुपमा अवलम्बन गरिएको छ। नागरिक सचेतना केन्द्र औपचारिक सङ्गठन नभएर विपन्न अवस्थामा रहेका महिला, गरिब तथा लक्षित समुदायलाई सचेतना अभिबृद्धिका लागि उनीहरुका दैनिक जीवनसँग सम्बन्धित मुद्दा, समस्या तथा समाधानका उपायका बारेमा गरिने छलफल तथा सचेतीकरणको प्रयास हो। विपन्न बस्तीका लक्षित

समुदायका मानिसहरु एकजुट भई बस्तीको उपयुक्त स्थानमा हप्ताको एक पटक कम्तीमा एक घण्टा सहभागी भई, गरिबी र बहिष्करणका अन्तर्निहित कारणहरु पहिचान र विश्लेषण गरी, विद्यमान स्रोत, साधन तथा राज्यबाट उपलब्ध सेवा सुविधा पहूच,सहभागिता तथा स्वामित्व वृद्धि गरी सशक्तीकरण गर्ने प्रयास हो । यो अभ्यास टीकापुर नगरपालिकामा स्थानीय शासन तथा सामुदायिक कार्यक्रमअन्तर्गत ९ वटै वडामा सचेतना केन्द्रको रुपमा अभ्यास भइरहेको छ । कार्यक्रम अन्तर्गत प्रत्येक वडामा सामाजिक परिचालकको सहयोगमा वञ्चितिमा परेका मानिसहरुका अधिकार, कर्तव्य, बहिष्करणका कारण, नगरपालिको योजना तथा सेवा सुविधामा पहुँच अभिवृद्धिका विषयमा छलफल गरी अर्थपूर्ण समाधानका उपाय खोज्ने गरिन्छ । यस मञ्चमा विपन्न परिवारका २० देखि २५ जना समूहमा आवद्ध भई छलफल सञ्चालन गरिन्छ । छलफल सञ्चालनका लागि स्थान, समय स्वयम् समुदायबाट निर्धारण हुन्छ । सचेतना केन्द्रमा छलफल भएका विषयवस्तु तथा निर्णयहरुको सहजकर्ताको सहयोगमा नागरिक सचेतना केन्द्र व्यवस्थापन समितिले छलफल पुस्तिकामा अभिलेख राखिन्छ । यस सचेतना केन्द्रमा नागरपालिका तथा अन्य सरकारी गैर सरकारी निकाय तथा संघ संस्थाहरुबाट प्रस्तुत कार्यक्रम,बजेट,योजना तर्जुमाका बारेमा जानकारी गराइन्छ । छलफलबाट बस्तीका मानिसहरुमा सचेतीकरण भई नगरपालिकाको योजना निर्माण तथा सेवा सुविधामा विपन्न समुदायको सहभागिता अभिबृद्धि सुनिश्चित गरि गरिबी निवारणमा सहयोग गर्नु यस केन्द्रको मुख्य उद्देश्य हो । त्यसैगरी रुपान्तरित सामाजिक परिचालन विधिको विपन्न तथा बञ्चितिमा परेका समुदायको अधिकार तथा जिम्मेबारी अभिबृद्धि गर्नु हो ।

## समस्याको कथन

हाल नेपालमा स्थानीय निकाय जनप्रतिनिधि बिहीन भएको अवस्था छ । चौध बर्षदेखि स्थानीय निकायको चुनाब हुन सकेको छैन । स्थानीय निकायहरुको सञ्चालनसम्बन्धी निर्माण भएको स्थानीय स्वयत्त शासन ऐन २०५५ले पूर्णरुपमा कार्यन्वयन हुन पाएको छैन । स्थानीय निकायमा भ्रष्टाचार बढेको खबर सञ्चार माध्यमहरुमा व्याप्त सुन्न र बढ्न पाइन्छ । स्थानीय निकायकाहरु केवल कर्मचारीहरुको निगरानीमा सञ्चालित छन् । जनताप्रति उत्तरदायी हुनुपर्ने स्थानीय निकायहरु उदसीन देखिन्छन् । स्थानीय निकायबाट सञ्चालित विकास निर्माण पारदर्शी तथा जवाफदेहीताको अभाव देखिन्छ । स्थानीय विकासका लागि निर्माण भएका उपभोक्ता समितिहरुमा टाँठाबाठाहरुको मात्र बोलवाला रहेको छ । आम लक्षित उपभोक्ताहरुको विकास निर्माणमा संलग्नता हुन् नसक्दा पारदर्शिता तथा जवाफदेहिताको कमी देखिन्छ । गाउँ, नगर तथा जि.वि.स.बाट सम्पन्न हुने आयोजनाहरुमा प्रभावकारी रुपमा निगरानी , अनुगमन र जफावदेहिता रहेको देखिंदैन । स्थानीय निकायको प्रत्यक्ष सम्बन्ध आम स्थानीय नागरिकसँग रहेको हुन्छ ।

स्थानीय विकायको दीगोपना तथा सशक्तिकरणका लागि स्थानीय शासन प्रणालीमा सुधार हुनु आवश्यक हुन्छ । स्थानीय सुशासन आजको आवश्यकता हो । सुशासनको एउटा महत्त्वपूर्ण आधार पारदर्शिता,जनसहभागिता तथा जवाफदेहिता हो । शासनको सुदृढीकरणका लागि स्थानीय निकायबाट सम्पादन हुने सम्पूर्ण क्रियाकलापहरुमा जवाफदेहिता हुनु पर्दछ । स्थानीय निकायमा देखिने समस्याहरुको सामाधानका लागि बृहत्‌रुपमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममार्फत् स्थानीय निकायबाट प्रदान गरिने सेवा सुविधामा सीमान्तीकृत समुदायका नागरिकहरुको पहुँच बृद्धि गर्ने अपेक्षा गरेको छ । यस सन्दर्भमा स्थानीय निकाय अर्न्तगत राष्ट्रव्यपी रुपमा ठुलो स्रोत साधनको लगानीमा सञ्चालित यो कार्यक्रमको प्रभावकारिता के कस्तो छ, आज सरकार तथा स्थानीय विकाससँग सरोकार राख्ने संघ संस्था तथा व्यक्तिको चर्चा र चासोको विषय हो ।

टीकापुर नगरपालिका क्षेत्रमा सञ्चालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत रुपान्तरित सामाजिक परिचालनमा रिफ्लेक्ट विधिको प्रभावकारिताको स्वतन्त्ररुपमा लेखाजोखा गर्नु यस अध्ययको अभीष्ट हो । टीकापुर नगरपालिकाको वडा नं. १ देखि ९ सम्म सामाजिक परिचालनमा सेवा प्रदायक संस्थाको प्रतिवेदनमा नागरिक सचेतना केन्द्रले समुदायका मानिसहरुको सचेतनामा बृद्धि भएको उल्लेख गरेको पाइन्छ । यस अध्ययनले केही अनुसन्धानका प्रश्नहरु उठान गर्न खोजेको छ । रिफ्लेक्ट विधिको प्रयोग आधाभूत सिद्धान्तअनुसार नागरिक सचेतना केन्द्र सञ्चालित भए नभएको अध्ययन गर्ने, रुपान्तरित सामाजिक परिचालन अवधारणाले के व्यावहारिक जीवनमा पनि सीमान्तीकृत तथा बञ्चितिमा परेका समुदायको अवस्थामा सुधार आएको सोधखोज गर्ने, शक्ति र स्रोतबाट बञ्चित समुदायको मौनता भङ्ग भई नगरपालिका तथा अन्य संघ संस्थाहरुको सेवासुविधा तथा पहूच बृद्धि भएको लेखा जोखा गर्ने । नागरिक सचेतना केन्द्रमा छलफलहुने विषय वस्तुबाट उनीहरुको अधिकार तथा दायित्व बोध भए नभएको, नगरपालिकाको सेवा सुविधाहरुको वितरणमा प्रभावकारिता बृद्धि भई विपन्न समुदायको माग सम्बोधन भएन भएको हेर्ने । के नागरिक सचेतना केन्द्रका सहभागीहरुले यस प्रक्रियालाई नकारात्मक वा अनावश्यक बोझको रुपमा लिएका छन् ? साँच्चिकै नागरिक सचेतना केन्द्रको स्थापना पश्चात् विपन्न बस्तीको सामाजिक तथा आर्थिक अवस्थामा सकारात्मक प्रभाव परेको छ त ? के वडा नागरिक मञ्चको प्रभावकारितामा बृद्धि भएको छ ? आदि । यस अध्ययनले विशेषगरी अनुसन्धानका लागि उठान गरेका जिज्ञाशाहरु रहेका छन् । समग्र नगरपालिकाअन्तर्गत सञ्चालित LGCDP कार्यक्रमको तिन वर्षको समयावधिपश्चात् समुदाय स्तरमा भएको प्रभावको खोजबिन स्वतन्त्र रुपमा हुन बाँकी देखिन्छ । यस अर्थमा यस अध्ययनले माथि उठान गरेका जिज्ञाशालाई सम्बोधन गर्ने प्रयास गरेको छ ।

### अध्ययनको उद्देश्य

नागरिक सचेतना केन्द्रको प्रभावकारिताको अध्ययन कार्यको बृहत् उद्देश्य टीकापुर नगर पालिकामा सञ्चालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत ९ वटै वडामा गठन भएका नागरिक सचेतना केन्द्रको समग्र रुपमा प्रभावकारिताको लेखाजोखा गर्ने रहेको छ। यस अध्ययनका विशिष्ट उद्देश्य निम्नअनुसार रहेका छन् :

- नागरिक सचेतना केन्द्रको सञ्चालन विधि एवम् प्रक्रियाको अध्ययन गर्ने ।
- नागरिक सचेतना केन्द्रले सहभागीहरुमा पारेको प्रभावको अध्ययन गर्ने ।
- नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधामा नागरिक सचेतना केन्द्रको पहुँच अभिबृद्धि भए नभएको जाँचबुझ गर्ने ।

### सन्दर्भ सामग्रीको समीक्षा

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम नेपालमा हाल स्थानीय निकायहरुअन्तर्गत सञ्चालित सम्भवत हालसम्मकै सबैभन्दा ठुलो कार्यक्रमको रुपमा लिइएको छ। यस कार्यक्रमले बञ्चितिमा परेका नागरिकहरुलाई सामाजिक परिचालनका माध्यमबाट अधिकार सुनिश्चित गरी स्थानीय शासन प्रक्रयामा सहभागिता बृद्धि गर्ने हो । सन्दर्भ सामग्रीको समीक्षा तथा अध्ययनको सन्दर्भमा नागरिक सचेतना केन्द्रसूग प्रत्यक्ष रुपमा अध्ययन भएका प्रतिवेदन तथा प्रकाशन नभए पनि यससँग सम्बन्ध रहेका केही साहित्यहरुको समीक्षा गर्ने प्रयास गरिएको छ। दलित समुदायलाई स्थानीय शासनको मुलधारमा समावेशीकरणसम्बन्धी सन २०१२ मा उपेन्द्र विश्वकर्माले सुर्खेत जिल्लामा गरेको अध्ययनले सीमान्तीकृत समुदायको सामाजिक समावेसीकरण, समानता, मूलप्रवाहीकरण, सहभागिताको अवसर तथा बहिष्करण गर्ने मुख्य आधार राजनीतिक शक्ति तथा संरचना रहेको भनी उल्लेख गरेको पाइन्छ । उक्त अध्ययनले समाजमा सामाजिक विभेदीकरणले आर्थिक बञ्चितीकरणको अवस्था सृजना गर्दछ भन्ने तर्क गरेको देखिन्छ। दुबै पक्ष आर्थिक तथा सामाजिक बञ्चितिकरणबाट दलित समुदायको स्थानीय शासनमा प्रक्रियामा बहिष्करण भएको देखिन्छ। नेपालको स्थानीय परिवेशमा दलित समुदायको हरेक सामाजिक क्षेत्रमा बहिष्करण देखिन्छ भनी अध्ययनमा उल्लेख छ । पशुपति नेपालको "सहभागितात्मक स्थानीय सङ्गठन, नेपालमा ग्रामीण विकासको एक अवधारणा नामक अनुसन्धानमूलक लेखमा उल्लेख गरेअनुसार नेपालमा विगत केही वर्ष यता सहभागिताका नाममा केवल सरकारी विकास कार्यक्रमहरुको कार्यान्वयन चरणमा मात्र स्थानीय मानिसहरुको सहभागितालाई जोड दिएको पाइन्छ। जसको परिणाम स्वरुप स्थानीय विकासले अपेक्षा गरेअनुसार सन्तोषजनक रुपमा प्रतिफल प्राप्त गर्न नसकेको अवस्था देखिन्छ । यस सर्न्दभमा ग्रामीण

विकासको प्रभावकारिताका लागि स्थानीय जनता तथा नागरिक सङ्गठनहरुको विकास योजनाको पहिचान, निमार्ण, कार्यान्वयन तथा प्रतिफलको बाँडफाँडमा सक्रिय सहभागिताको आवश्यकता हुनु पर्नेमा अनुसन्धानले जोड दिएको पाइन्छ । नेपालमा गरिबी निवारणको क्षेत्रमा विगत तिन चार दशक यता धेरै योजना तथा कार्यक्रम सम्पन्न भएका छन् तर बहिष्करणमा परेका समुदाको जीवनमा खासै रुपान्तरण हुन सकेको छैन । यस सन्दर्भमा रुपान्तरित सामाजिक परिचालन रणनीतिबाट अधिकारमुखी अवधारणामा रिफ्लेक्ट विधिको प्रयोग गरी बहिष्करणमा परेका वर्ग तथा समुदायको सशक्तीकरणका लागि स्थानीय निकाय नगरपालिकाले नगर क्षेत्रका प्रत्येक वडामा विपन्न समुदायको बाहुल्य रहेका क्षेत्रमा एक वटा नागरिक सचेतना केन्द्रको स्थापना गरेको छ (नगरपालिका सामाजिक परिचालन दिग्दर्शन, २०६७ : ३१) । नागरिक सचेतना केन्द्र रिफ्लेक्ट विधि हो । नेपालमा यस विधिको विभिन्न संघ संस्थाहरुले बहिष्करणमा परेका समुदायको सशक्तीकरणका लागि साक्षरता तथा समस्या समाधानका उपायका रुपमा प्रयोग गरेको पाइन्छ ।

समुदाय स्तरमा प्रयोग गर्ने रिफ्लेक्ट शब्दावलीको सुरुवात एक्सन एड अन्तर्राष्ट्रियको बंगलादेशमा सन् १९९४ मा "साक्षरता र सशक्तीकरणको प्रक्रियामा पी.आर.ए" विषयक अन्तर्राष्ट्रिय गोष्ठिमा पहिलो पटक प्रयोग गरिएको हो (रिफ्लेक्ट स्रोत सामग्री) । ब्राजिलियन शिक्षाविद् पाउलो फ्रेरेको उत्पीडितको शिक्षासम्बन्धी अवधारणा र सहभागितामूलक विधि प्रक्रियाको समायोजनद्वारा पुनःउत्पादित प्रौढ शिक्षण सिकाइ पद्धति रिफ्लेक्ट हो । फ्रेरियन दृष्टिकोणमा सिकाइ शब्द र वाक्यांशहरु सम्झने मात्र होइन् । यो जीवनका कुरा जान्ने प्रक्रिया पनि हो । पढाइ लेखाइ सिकाइको भाषा,संस्कृति र जीवनसूग सम्बन्धित भएर मात्र त्यसको महत्त्व हुन्छ । साक्षरताका क्रममा सिकारुले आफ्नो संस्कृति, जीवन अवस्था, आवश्यकता उत्पीडनलाई आफैले बुझ्नु र विश्लेषण गर्नु आवश्यक हुन्छ । साक्षरता मानवीय चेतनाको विकास गराउने आन्तरिकीकरणलाई सहयोग गर्ने एक प्रक्रियाहो । आफू तथा आफ्नो समुदाय पछाडि, उत्पीडन तथा बञ्चितिमा पर्नुको कारण महसुस गरी समाधानतर्फ उन्मुख गराउन सिकाइने साक्षरता हो (शर्मा एन्ड शर्मा :२०६६) । यस सन्दर्भमा नेपालमा योजनाबद्ध विकासको पाँच दशक बितिसक्दा पनि अझैपनि बहुसंख्यक समुदाय बहिष्करण तथा बञ्चितिमा परेको अवस्थालाई मध्यनजर गरेर नगरक्षेत्र भित्र बञ्चितिमा परेका समुदायको सचेतीकरणका लागि रिफ्लेक्ट विधिको प्रयोग भएको छ । यस सन्दर्भमा पूर्व स्थानीय विकास मन्त्री रामचन्द्र झाले १६ फागुन २०६९ कान्तिपुर दैनिकमा "ग्रामीण बजेट कटौतीको नियती" नामक लेखमा हाल स्थानीय निकायको अवस्थाको विश्लेषण गरेका छन् । स्थानीय निकाय हाल आधारभूत जनताको राजनीतिक सत्ता सदुपयोग गर्ने थलोभन्दा भ्रष्टाचार तथा कुशासन मात्र बढी देखिन्छ । हाल मुलुकमा देखिएको राजनीतिक

अस्थिरताले स्थानीय निकायमार्फत् सञ्चालन हुने कार्यक्रमहरुमा बजेट तथा अनुदान कटौतीले गा.वि.स. नगरपालिका तथा जि.वि.स.को स्थानीय विकास निर्माण तथा नागरिकहरुमा प्रत्यक्ष प्रभाव पर्न गएको छ। स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ५० प्रतिशत अनुदान रकम स्थानीय निकयमा निकासा हुन सकेको छैन । जनप्रतिनिधि बिहीनताको अवस्थाले स्थानीय निकायमा हाल व्याप्त समस्याहरु देखापरेका छन् ।

नेपालमा रिफ्लेक्ट विधिको अवधारणाको चर्चा सन् १९९५ देखि सुरु भएको हो । औपचारिक रुपमा रिफ्लेक्ट नामाकरण नगरे पनि विभिन्न रुपमा समुदायमा यस विधिको प्रयोग भएको पाइन्छ। नेपालमा पहिलो पटक रिफ्लेक्ट विधि औपचारिक रुपमा सन् १९९८ मा कास्की जिल्लाको सिक्लेकमा अन्नपूर्ण संरक्षण क्षेत्रमा छलफल केन्द्रका रुपमा सञ्चालित भएको थियो (रफ्लेक्ट स्रोत सामग्री, २०११:७) । रिफ्लेक्ट विधिलाई नेपालमा विभिन्न समुदायको उत्पीडनको मुक्तिको रुपमा पनि प्रयोग भएको पाइन्छ । जस्तै नेपालको दलित समुदायको उच्च जनघनत्व भएको जिल्ला सप्तरीमा चमार(दलित) आन्दोलनमा रिफ्लेक्ट प्रक्रियाको योगदान, पश्चिम नेपालमा भूमि अधिकारमा कमैयाहरुको आन्दोलनमा रिफ्लेक्टको योगदान । त्यसैगरी बादी समुदायको आधारभूत अधिकारका लागि गरिएको अन्दोलनमा रिफ्लेक्ट विधिको प्रयोग भएको पाइन्छ । यसरी विभिन्न क्षेत्रमा भएका केही सफल अभ्यासहरुको अनुसरणबाट हाल नेपालमा स्थानीय निकायले नागरिक सचेतना केन्द्रलाई रिफ्लेक्टका रुपमा प्रयोग भएको पाइन्छ । REFLECT Circle लाई LGCDP कार्यक्रले नागरिक सचेतना केन्द्रलाई एउटा जमघट भई छलफल गर्ने स्थानको रुपमा लिइएको छ। जहाँ सामाजिक , राजनीतिक तथा आर्थिक रुपले पछाडि परेका वा पारिएका बस्तीका विपन्न नागरिकहरु जमघट भई गरिबी तथा बहिष्करका अन्तर्निहित कारणहरु पहिचान र विश्लेषण गरी सचेतना अभिबृद्धि गर्ने गरिन्छ (नगरपालिका सामाजिक परि चालन दिग्दर्शन, २०६७:३२) । नागरिक सचेतना केन्द्रमा सहभागीहरुको संख्या २० देखि२५ सम्म भएमा उपयुक्त मानिन्छ। यस केन्द्रको व्यवस्थापनको लागि एक वटा पाँचदेखि सात सदस्य रहेको समावेसी रुपमा व्यवस्थापन समिति रहेको हुन्छ। प्रत्येक वडामा रहेका सामाजिक परिचालकहरुबाट सहजीकरणमा केन्द्रको सञ्चालन गरिन्छ। नगरपालिका सामाजिक परिचालन दिग्दर्शन २०६७ का अनुसार नागरिक सचेतना केन्द्र सञ्चालनको विधि र प्रक्रिया निम्नानुसार उल्लेख गरिएको छ :

- नागरिक सचेतना केन्द्रमा सहभागीहरुको सङ्ख्या २० देखि २५ जना हुनु पर्दछ ।
- छलफलमा महिलाहरुलाई प्राथमिकता दिनु पर्दछ ।
- कक्षा वा छलफलको स्थान स्वयम् सहभागीले नै निर्धारण गर्नु पर्दछ ।
- छलफलका विषयवस्तु सहभागी नागरिकहरुको दैनिक जीवनमा प्रभाव पार्ने स्थानीय सवाल हुनुपर्छ ।

- कक्षामा छलफलका लागि सहजकर्ता वा सामाजिक परिचालकले सहयोग गर्नु पर्छ ।
- बस्तीको सामाजिक परिवेशको विश्लेषण तथा नगरपालिका तथा अन्य निकायबाट प्रदान गरिने सेवा सुविधाका बारेमा केन्द्रमा प्रारम्भमा सचेतीकरण गर्ने ।
- बस्तीको आवश्यकता तथा विकासका लागि छलफल केन्द्रमा उठान भएका विषय सम्बोधनका लागि वडा नागरिक मञ्चसँग समन्वय गर्नु पर्छ ।
- नागरिक सचेतना केन्द्रका सहभागीहरु निरक्षर भएमा सम्बन्धित निकायमा साक्षरताका लागि सहयोग माग गरी कक्षा सञ्चालन गर्नु पर्छ ।

## अध्ययनको औचित्य

यो अध्ययन टीकापुर नगरपालिकामा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमअन्तर्गत नागरिक सचेतना केन्द्रको प्रभावकारिता सम्बन्धी एक स्वतन्त्र रुपमा गर्न खोजिएको लघु अनुसन्धान हो । स्थानीय निकाय जनप्रतिनिधि बिहीन भएको अवस्थामा राष्ट्रव्यापी रुपमा बृहत् कार्यक्रमको रुपमा लागु भएको कार्यक्रमले के स्थानीय निकाय जवाफदेहिता तथा प्रभावकारिता बृद्धि भएको छ त ? तुलनात्मक रुपमा परियोजनाको स्रोत साधनको लागतको दृष्टिकोणबाट प्रतिफल प्राप्त भए नभएको तथ्य थाहा पाउन स्वतन्त्र अध्ययन तथा अनुसन्धानको आवश्यकता देखिन्छ । यस किसिमको जिज्ञाशालाई मेट्नका लागि टीकापुर नगरपालिकामा LGCDP कार्यक्रमअन्तर्गत नागरिक सचेतना केन्द्रहरुको घटना अध्यय गर्ने प्रयास गरिएको छ । यस अध्ययन LGCDP परियोजनाका सम्पूर्ण पक्षलाई समेट्न नसके पनि रिफ्लेक्ट वृत्तको प्रभावकारिताका बारेमा लेखाजोखा गरिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षबाट ग्रामीण विकास, सामुदायिक विकास तथा स्थानीय शासनसम्बन्धी अध्ययन अध्यापनसँग सरोकारवाला पक्षलाई सहयोग पुग्ने छ । अर्कोतर्फ रुपान्तरित सामाजिक परिचालन अवधारणालाई समुदाय स्तरमा लागु गर्ने टीकापुर नगरपालिका, सेवा प्रदाय संस्था, LGCDP Cluster Unit, अन्य स्थानीय विकाससँग सरोकार राख्ने निकायहरुका लागि यस अध्ययनले सहयोग पुगाउन सक्ने छ । स्थानीय स्तरमा आवधिक रुपमा सञ्चालन भएका कार्यक्रमहरुको प्रभावकारिताका लागि पनि समयसापेक्ष स्वतन्त्र अध्ययन हुनु आवश्यक छ । यस अर्थमा टीकापुर नगरपालिकाले रुपान्तरित सामाजिक परिचालन अवधारणाबाट विपन्न तथा बञ्चितीकरणमा रहेको समुदायको नागरिक सचेतना केन्द्र पद्धतिको अनुसरण गरी के कति प्रगति भयो,सफल तथा राम्रा पक्षहरु के के देखिए, सुधार गर्नु पर्ने पक्षहरु के के छन् जस्ता पक्षहरुको प्रतिउत्तरका लागि यो प्रभावकारिता लेखाजोखा गर्ने अध्ययनको औचित्य रहेको छ ।

## अध्ययन विधि

नागरिक सचेतना केन्द्रको प्रभावकारितासम्बन्धी अध्ययन टीकापुर नगरपालिकाअन्तर्गत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको एउटा पक्ष, रिफ्लेक्ट विधि (नागरिक सचेतना केन्द्र) को अध्ययन हो । यो अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक विधिमा आधारित छ । उद्देश्यमूलक नमुना सर्वेक्षण आधारमा सामाजिक अनुसन्धान पद्धतिमा प्रयोग गरिने चलन चल्तीका प्राथमिक सूचना तथा तथ्याङ्क सङ्कलनका विधि अन्तर्वार्ता, अवलोकन, लक्षित समूह छलफल, घटना अध्ययन तथा अध्ययनको विषय क्षेत्रसँग सम्बन्धित द्वितीय तथ्याङ्कका स्रोतहरुको पनि सन्दर्भको रुपमा अध्ययन गरिएको छ । समग्रमा नागरिक सचेतना केन्द्रको प्रभावकारितासम्बन्धी अध्ययन विधि संक्षिप्तमा तलको तालिकामा उल्लेख गरेको छ :

**तालिका १ : अध्ययन विवरण र विधि प्रक्रिया**

| क्र.सं. | विवरण | विधि /प्रक्रिया |
|---|---|---|
| १ | अध्ययनको जनसंख्या | ● टीकापुर नगर पालिका अन्तर्गतका ९ वटा नागरिक सचेतना केन्द्र । <br>● केन्द्रका प्रत्येकमा २५ जनाका सहभागीहरुका दरले १० वटामा जम्मा २५० जना सदस्यहरु । |
| २ | नमुना सर्वेक्षण | ● उद्देश्यमूलक नमुना छनोट विधिको आधारबाट टीकापुर नगरपालिका १० वटै सचेतना केन्द्र । <br>● औसत ८ जना सहभागी सदस्यहरुका दरले १० वटा सचेतना केन्द्रका छुट्टा छुट्टै १० स्थानमा कुल ८० जना नागरिक सचेतना केन्द्रका सहभागीहरु सँगको अन्तरक्रिया तथा लक्षित समूह छलफल । |
| ३ | तथ्याङ्क सङ्कलन विधि | |
| | क) प्राथमिक तथ्याङ्क <br>● लक्षित समूह छलफल | ● प्रत्येक नागरिक सचेतना केन्द्रका औसत ८ जना सहभागीहरुको सक्रिय समावेसी सहभागितामा सामाजिक परिचालकको सहजीकरणमा सम्बन्धित पक्षमा लक्षित समूह छलफल गरी अध्ययनको उद्देश्यमा आधारित जानकारी सङ्कलन । |

| | | |
|---|---|---|
| | ● अन्तरवार्ता | ● टीकापुर नगरपालिका LGCDP कार्यक्रमका नगर सहजकर्ता एक जना<br>● नगरपालिका सामाजिक शाखा हेर्ने अधिकारी एक जना<br>● नगरपालिकाका १० वटा वडाका १० जना सामाजिक परिचालकसँग औपचारिक तथा अनौपचारिक छलफल गरी जानकारी सङ्कलन |
| | ● अवलोकन | ● नागरिक सचेतना केन्द्रको छलफल पुस्तिका<br>● नागरिक सचेतना केन्द्र व्यवस्थापन समितिको बैठक पुस्तिका<br>● विपन्न तथा बञ्चितिमा परेका समुदायको बस्ती<br>● स्थानीय स्तरमा भएका यस वर्षका विकास निर्माण<br>● सचेतना केन्द्रका सदस्यहरुको प्रस्तुतीकरण |
| | ख) द्वितीय तथ्याङ्क | ● नगरपालिको आर्थिक वर्ष २०६९/७० वार्षिक कार्यक्रम तथा बजेट र प्रगति प्रतिवेदन<br>● सेवा प्रदायक संस्था(हुराड्स)को वार्षिक प्रगति प्रतिवेदन |
| ४ | चर तथा मापन | |
| | क) चरहरु | ● नागरिक सचेतना केन्द्रको बैठक संख्या<br>● नागरिक सचेतना केन्द्र व्यवस्थापन समितिको निर्णय पुस्तिका<br>● नागरिक सचेतना केन्द्रको छलफलमा सहभागीहरुको उपस्थिति संख्या<br>● समवेशीकरणको अवस्था |
| | ख) मापन | ● नागरिक सचेतना केन्द्रको निर्देशिकाअनुसार गठन तथा सञ्चालन<br>● लक्षित समुदायको सचेतना केन्द्रप्रतिको धारणा (सकारात्मक तथा नकारात्मक)।<br>● सचेतना केन्द्रमा उठान भएका विषयवस्तु तथा स्थानीय लक्षित समुदायको अवस्था<br>● समस्या तथा सवालहरुको उठान तथा सम्बन्धित निकायबाट सम्बोधनको अवस्था ।<br>● बञ्चितीकरण तथा बहिष्करणप्रतिको लक्षित समुदायको धारणा |

| | | |
|---|---|---|
| | | • नगरपालिकाले नागरिक सचेतना केन्द्रका समस्याको वार्षिक बजेट तथा कार्यक्रममार्फत् सम्बोधन गरे नगरेको अवस्था<br>• स्थानीय योजना निर्माण तथा शासन प्रक्रियामा बञ्चितीमा परेका समुदायको सहभागिताको अवस्था<br>• नागरिक सचेतना केन्द्र प्रतिको राजनीतिक दल तथा नगरपालिका र आम नागरिकको धारणा |
| ५ | तथ्याङ्क विश्लेषण (Techniques of Data Analysis) | • अध्ययनको उद्देश्यअनुरुपका सर्वेक्षणबाट प्राप्त सूचना तथा तथ्यहरुलाई वर्णनात्मक विधि अनुरुपमा व्याख्या, विश्लेषण निष्कर्ष, सुझाब तथा अनुसूची हरुको प्रस्तुतीकरण गरिएको छ । |

## अवस्था विश्लेषण

### नागरिक सचेतना केन्द्र सञ्चालन विधि प्रक्रिया

नागरिक सचेतना केन्द्र औपचारिक तथा स्थायी सङ्गठन होइन (नगरपालिका सामाजिक परिचालन दिग्दर्शन : २०६७) । स्थानीय स्तरमा लक्षित समुदायलाई सचेतना अभिबृद्धि गर्नका लागि लक्षित समुदायका नागरिकहरु जमघट भई विपन्नताको अवस्थाका बारेमा छलफल गर्ने थलो हो । टीकापुर नगरपालिकामा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमअन्तर्गत वडाका तुलनात्मक बिपन्न बस्तीमा बासोबास गर्ने समुदायको रुपान्तरण गर्ने माध्यमको रुपमा नागरिक सचेतना केन्द्रलाई अवलम्बन गरिएको छ । नगरपालिकाबाट प्रदान गरिने सेवा तथा सुविधामा विपन्न समुदायको पहुँच अभिबृद्धि गर्न सचेतना केन्द्रको उपयोग गरिएको छ । टीकापुर नगरपालिका वडा नं. १ देखि ९ सम्म कुल १० वटा सचेतना केन्द्र गठन गरिएका छन् । नागरिक सचेतना केन्द्रमा तुलनात्मक रुपमा बस्तीका विपन्न समुदायको सहभागितामा कक्षा वा छलफल सञ्चालन गरिएको पाइन्छ । अध्ययनको क्रममा नगरपालिकाभित्रका १० वटै नागरिक सचेतना केन्द्रमा लक्षित समूह छलफल तथा अवलोकन गर्दा सचेतना केन्द्रको सञ्चालनको बारेमा निर्देशिकामा उल्लेखित प्रावधान तथा व्यवहारमा देखिएको अवस्था तलको तालिकामा उल्लेख गरिएको छ :

तालिका २ :नागरिक सचेतना केन्द्र सञ्चालन विधि प्रक्रिय ।

| क्र. स. | दिग्दर्शनमा उल्लेखित प्रावधान | सर्वेक्षणबाट प्राप्त जानकारी |
|---|---|---|
| १ | *स्थान छनोट* (सरोकारवाला पक्षको सहभागितामा वडाको विपन्न घरधुरी सर्वेक्षण गरी नागरिक सचेतना केन्द्र सञ्चालन गर्ने स्थानको छनोट गर्ने ) | सामाजिक परिचालक तथा नगरपालिका र वडाका सबै पक्षहरुको सहभागितामा विपन्न घर धुरीको छनोट गरी नागरिक सचेतना केन्द्र सञ्चालन गर्ने स्थानको छनोट भएको देखिन्छ । |
| २ | *सहभागीहरुको छनोट* (पी.आर.ए. अवधारणाअनुसार सम्पन्नता स्तरीकरणबाट सबभन्दा तल्लो स्तरका सहभागीलाई छनोट गर्ने) | सामाजिक नक्साङ्कन तथा विपन्नता मापनबाट छनोट भएको विपन्न बस्तीका घर धुरी मानिसहरुको उपस्थितिमा चारवटा समूहमा सम्पन्नता स्तरीकरण गरी सबैभन्दा तल्लो समूहमा परेका मानिसहरुको सूची तयार गरी नागरिक सचेतना केन्द्रका सहभागीहरुको छनोट गरिएको पाइन्छ । |
| ३ | *सहभागीहरुको संख्या* (नागरिक सचेतना केन्द्रको सहभागीहरुको संख्या २० देखि २५ जना हुनुपर्ने ) | सर्वेक्षण गरिएका १० वटा नागरिक सचेतना केन्द्रका सहभागहरुमध्ये ५ वटामा २६ देखि ३० जनासम्म रहेका छन् भने ५ वटामा १८ देखि २५ जना सहभागी रहेको पाइयो । |
| ४ | *सहजकर्ता* (स्थानीय सहजकर्ता वा सामाजिक परिचालक) | समुदायको सिफारिसमा स्थानीय जानकार व्यक्तिलाई सहजकर्ता बनाउने निर्देशिकामा व्यवस्था भए पनि सामाजिक परिचालक नै सहजकर्ताको रुपमा कार्यसम्पादन गरिरहेको देखिन्छ । |
| ५ | *कक्षा सञ्चालन समय र प्रक्रिया* (स्थानीय सहभागीको आपसी छलफल तथा अनुकुलतामा समय निर्धाण गर्ने) | सर्वेक्षण गरिएका १० वटा नागरिक सचेतना केन्द्र हप्ताको एक पटक बस्तीको उपयुक्त पायक पर्ने स्थानमा सञ्चालन भएका छन् । कक्षा सञ्चालनको समय सहभागीहरुको आपसी समभ्कदारीमा ८ वटा केन्द्र दिउँसो र २ वटा केन्द्र बेलुका सञ्चालन भएको देखिन्छ। कक्षा सञ्चालनको समय औसत १ देखि २ घण्टा रहेको पाइयो । अक्सर विशेष अवस्थाबाहेक सबै सचेतना केन्द्रहरु नियमित सञ्चालन भएका छन् । |

| | | |
|---|---|---|
| ६ | *व्यवस्थापन समिति*<br>(संयोजक -१ जना<br>उप संयोजन -१ जना<br>सदस्य -२ देखि ४ जना<br>सदस्य सचिब - सामाजिक परिचालन वा सामाजिक सहजकर्ता -१ जना ) | निर्देशिकामा उल्लेख भएअनुसार टीकापुर नगरपालिका नागरिक सचेतना केन्द्रमा सामजिक परिचालक सदस्य सचिब रहने गरी ५ देखि ७ जना सम्मको व्यवस्थापन समिति गठन भएको देखिन्छ । व्यवस्थापन समितिले सचेतना केन्द्रका विभिन्न व्यवस्थापकीय पक्षहरुको कम्तीमा महिनाको एक पटक बैठक बसी विभिन्न समस्याहरुमा कार्य सम्पादन गरेको देखिन्छ । |
| ७ | *महिला सहभागितालाई प्राथमिकता*<br>नगरपालिका सामाजिक परिचालन दिग्दर्शन, २०६७ मा नागरिक सचेतना केन्द्रको गठनमा महिलाहरुको बढी भन्दा बढी सहभागिता प्राथमिकता दिने उ | सर्वेक्षण गरिएका १० वटै सचेतना केन्द्रमा महिला सदस्यहरुको मात्र सहभागिता रहेको छ । |
| ८ | *छलफलका विषयवस्तु*<br>(स्थानीय सामाजिक, राजनीति, मानवीय विकास तथा अधिकारका सवालहरुमा छलफल हुने ) | नागरिक सचेतना केन्द्रका सहभागीहरु सँगको छलफल तथा माइन्युट अध्ययनबाट सचेतना केन्द्रमा प्राय स्थानीय परिवेश तथा नागरिकता र पञ्जीकरणसम्बन्धी रहेको छन् । समग्रमा सचेतना केन्द्रमा छलफलभएका विषयहरु निम्न अनुसार रहेका छन्<br>● नागरिकता<br>●पञ्जीकरण विवाह, जन्म मृत्यु दर्तासम्बन्धी<br>● मानव अधिकार,<br>● बालविवाह तथा बहुविवाह<br>● स्थानीय विकास निर्माण तथा योजना<br>● आयआर्जन तथा चुहिने गाह्रोबाट आय तथा खर्चको विश्लेषण<br>● खोप, स्वास्थ्य तथा सरसफाइ<br>● सफलताका कथा घरेलु हिंसा नियन्त्रण<br>● टोल बस्तीमा दुर्व्यसन नियन्त्रण<br>● गरिबी परिचय पत्र तथा फोटो सहितको मतदान नामावली<br>● गरिबी तथा बहिष्करणका कारणहरु<br>● लैङ्गिक विश्लेषण तथा विभेदीकरण<br>● बालबालिकाको विद्यालय भर्ना<br>● बङ्गुर पालन<br>● घर निर्माण<br>● नगरपालिकाका सेवा तथा विकाससम्बन्धी |

## नागरिक सचेतना केन्द्रको प्रभाव विश्लेषण

स्थानीय निकाय नगरपालिकाको सेवा सुविधामा विपन्न समुदायको पहूच बृद्धि गर्न हाल सरकारले रुपान्तरित सामाजिक परिचालनको रणनीतिलाई अवलम्बन गरेको छ। यस रणनीतिअन्तर्गत सचेतना केन्द्रको माध्यमबाट बहिष्करणमा परेका समुदायलाई सचेतना केन्द्रका माध्यमबाट सशक्तीकरण गर्ने अपेक्षा गरेको छ । यस अध्ययनले नागरिक सचेतना केन्द्रको स्थापनापछि केन्द्रका सहभागी तथा समुदायमा सचेतना केन्द्रका क्रियाकलापहरुको के कस्तो प्रभाव परेको छ भन्ने बारेमा जानकारी सङ्कलन गर्ने प्रयास गरेको छ। सचेतना मुलक कार्यक्रमहरुको समुदाय तथा व्यक्ति स्तरमा परेको प्रभावलाई तात्कालै मापन गर्ने सकिने मूर्त सङ्केत प्राप्त गर्न गाह्रो पनि हुन्छ । यद्यपि यस अध्ययनमा सचेतना केन्द्रका क्रियाकलापहरुले सहभागीहरुको सचेतनाको अवस्थाका बारेमा जानकारी सङ्कलन गर्नका लागि लक्षित समूह छलफलका माध्यमबाट सचेतनाको स्तर पहिचान गर्ने कोसिस गरिएको छ । नागरिक सचेतना केन्द्रको स्थापना पश्चात केन्द्रका सहभागीहरुमा परेको प्रभावलाई वर्णनात्मक रुपमा तलको तालिकामा उल्लेख गरिएको छ :

### तालिका ३ : सचेतना केन्द्रका सहभागीहरुमा परेको प्रभावको जानकारी

:

| |
|---|
| **क) आफ्नो पहिचान तथा परिचय दिन सक्ने**<br>सचेतना केन्द्रका सहभागीहरुसँगको अन्तरक्रियामा तपाईंहरुको व्यक्तिगत जीवनमा सचेतना केन्द्रबाट कस्तो प्रभाव परेको छ भनी सोधिएको प्रश्नमा अधिकांश सहभागीहरुको पहिलो उत्तर पहिले अपरिचित मानिस तथा समूहमा गएर आफ्नो नाम र परिचय दिन गाह्रो हुने गर्दथ्यो आजकल सचेतना केन्द्रको कक्षाको सिकाइले आफ्नो परिचय सबैका सामु धक नमानी दिन सकिएको छ । परिवार तथा समुदायमा महिलाहरुको पहिचानबिना गुमनाम भएर जिउने संस्कारमा केही परिवर्तन आएको देखिन्छ । |
| **ख) सङ्गठित हुने सिपको विकास**<br>सचेतना केन्द्रहरु वडाका अन्य बस्तीको तुलनामा बिपन्न बस्तीमा अवस्थित छन् । प्राय सचेतना केन्द्रका महिला सहभागीहरु निरक्षर तथा सामाजिक विकासका दृष्टिकोणले उपेक्षित रहेका थिए । सचेतना केन्द्रमा सहभागीको रुपमा छनोट भइसके पछि नागरिकहरुको अधिकार र सामाजिक विकासका बारेमा सचेतनामा अभिबृद्धि भई हाल आएर उनीहरु स्थानीय बस्ती स्तरका समस्याहरुको समाधानको लागि सङ्गठित हुने र सामुहिक भावनाको विकास भएको देखिन्छ। GIZ को आर्थिक सहयोगमा वडा नं.७,५,६ र ४ का सचेतना केन्द्रका महिलाहरुले सामुहिक बङ्गुर पालन गरेका छन् । |

**ग) सामाजिक गतिविधिमा सहभागिता बृद्धि**

नागरिक सचेतना केन्द्रमा विभिन्न सवाल तथा समस्याहरुका बारेमा छलफल भए पश्चात सहभागी सदस्यहरुको सामाजिक विकास तथा सार्वजनिक सरोकारमा चासो तथा सहभागिता देखिन्छ । स्थानीय स्तरमा गठन भएका उपभोक्ता समिति , अनुगमन समिति, विद्यालय व्यवस्थापन समिति, वन उपभोक्ता समिति,बचत समूह जस्ता सार्वजनिक सरोकारमा महिलाहरुको सहभागिता बृद्धि भएको छ । वडा नं ८ र ६ का सचेतना केन्द्रका महिलाहरुले नगरपालिको आर्थिक सहयोगमा आफ्नै पहलमा दुईकोठे सामुदायिक भवन बनाएका छन् जसले गर्दा सामाजिक सरोकारमा महिलाहरुको सहभागिता बृद्धि भएको छ ।

**घ) नागरिकता प्रमाणपत्र तथा विवाह दर्ता**

सचेतना केन्द्रमा कक्षा सञ्चालन पश्चात नागरिकता प्रमाणपत्र नभएका महिलाहरुले नागरिकता प्रमाणपत्र बनाउन सफल भएका छन् । श्रीमान् तथा परिवारबाट नागरिकताका लागि खासै पहल गरिदिने अवस्था थिएन । नागरिकता र विवाह दर्ताको महत्व जानकारी प्राप्त भएपछि परिवारमा यसका बारेमा छलफल गरी नागरिकता बनाउन सफल भएका छन् भने युवा विवाहित महिलाहरुले विवाह दर्ता गरेका छन् ।

**ङ) नगरपालिकाको सेवा सुविधा तथा योजना माग गर्ने प्रक्रिया**

सचेतना केन्द्रका अधिकाशं सहभागीहरुलाई सचेतना केन्द्रको स्थापना पूर्व नगरपालिका तथा वडा कार्यालयको सेवा सुविधाका बारेमा उती जानकारी थिएन । साथै नगरपालिकामा टोल बस्तीको सामुदायिक विकासका लागि योजनाहरु के कसरी माग गरिन्छन् भन्ने विषयमा जानकारी थिएन । हाल आएर आफ्नो बस्तीको विकासका लागि वडा स्तरबाट योजना माग गर्ने र बस्तीका सामुदायिक विकासका छलफलमा सहभागी हुने सिप तथा धारणामा विकास भएको छ ।

**च) महिलाहरुको सामाजिक हैसियत बृद्धि**

परिवार तथा समुदायमा महिलाहरुलाई गर्ने परम्परागत व्यवहार तथा दृष्टिकोणमा आज भोलि परिवर्तन भएको छलफलमा सहभागी महिलाहरुले बताएका छन् । पहिला केवल घरव्यवहारमा मात्र सिमित महिलाहरु आजभोलि सामाजिक गतिविधि, आयआर्जन र व्यवस्थापकीय कार्यमा सहभागी भएको देखेर परिवार तथा समुदायका मानिसहरुको महिलालाई हेर्ने सराकात्मक दृष्टि रहेको महिलाहरुको अनुभूति छ ।

**सचेतना केन्द्रको पहुँच विश्लेषण**

नागरिक सचेतना केन्द्रका सदस्यहरु आर्थिक तथा सामाजिक रुपबाट बिपन्न समुदायको प्रतिनिधित्व गर्दछन् । नगरपालिकाका वडाहरुमा तुलनात्मक रुपमा सेवा सुविधाबाट बन्चित रहेका बस्तीमा सचेतना केन्द्र सञ्चालित रहेका छन् । नागरिक शिक्षा,सचेतना जस्ता पक्षको अभावका कारण सचेतना केन्द्रका सदस्यहरुको सामाजिक गतिविधिमा सहभागिता न्यून देखिन्छ । अर्कोतर्फ सचेतना केन्द्रका सहभागीहरुको आर्थिक बिपन्नताका कारणले दैनिक जीवन गुजारा गर्नैमा दिनचर्या व्यस्त हुने भएर पनि समाजिक गतिविधि तथा सार्वजनिक सेवा सुविधामा समुदायका सदस्यहरुको पहूच न्यून भएको देखिन्छ । आर्थिक वर्ष २०६९/७० मा सचेतना केन्द्रमा सामुहिक रुपमा छलफल भई सचेतना केन्द्रको व्यवस्थापन समितिले सम्बन्धित वडा नागरिक मञ्चमार्फत् नगरपालिकामा माग गरेका योजना तथा नगरपालिकाले सो आर्थिक वर्षमा सम्बोधन गरे नगरेको पक्षलाई तलको तालिकाबाट हेर्न सकिन्छ :

| क्र.स. | ना.स.के. नाम ठेगाना | सचेतना केन्द्रले माग गरेका योजनाहरु | न.पा.को सम्बोधन |
|---|---|---|---|
| १ | रानी नागरिक सचेतना केन्द्र टी.न.पा वडा नं.१ रचना टोल | १.महिलाको सिप विकासका लागि सिलाइ कटाइ तालिम<br>२.सार्वजनिक बैठक घर<br>३.आयआर्जनको लागि बङ्गुर पालन | यस आर्थिक वर्ष कुनै पनि सम्बोधन नभएको |
| २ | सिम्रेनी नागरिक सचेतना केन्द्र टी.न.पा वडा नं.२ | १.कल्भर्ड<br>२.रानीकुलामा पुल<br>३.सिचाइका लागि बोरिङ<br>४.महिलाको लागि सिप तालिम<br>५.सामुदायिक बैठक घर<br>६.उच्च धारा (बाढीग्रस्त क्षेत्रमा) | यस आर्थिक वर्ष कुनैपनि सम्बोधन नभएको |
| ३ | साहारा नागरिक सचेतना केन्द्र टी.न.पा वडा नं.३ वसन्ता | १.खोप केन्द मर्मत<br>२.विद्यालयको पर्खाल निर्माण<br>३.उच्च धारा (बाढीग्रस्त क्षेत्रमा) | यस आर्थिक वर्ष कुनैपनि सम्बोधन नभएको |

| | | | |
|---|---|---|---|
| ४ | जमुना नागरिक सचेतना केन्द्र टी.न.पा वडा नं. ४ बाघमारा | १.कल्भेड निर्माण<br>२.कल्भर्ड निर्माण<br>३.सिलाइ कटाइ तालिम<br>४.प्रौढ शिक्षा | यस आर्थिक वर्ष कुनै पनि सम्बोधन नभएको |
| ५ | सौगात नागरिक सचेतना केन्द्र टी.न.पा.वडा न..५ पुछरी | १.सडक ग्राभेल<br>२.चाउमिन बनाउने तालिम<br>३.सामुदायिक भवन | यस आर्थिक वर्ष कुनै पनि सम्बोधन नभएको |
| ६ | जोग नगर नागरिक सचेतना केन्द्र टी.न.पा वडा नं. ६ कटानपुर | १.सिलाइ कटाइ तालिम<br>२.ग्राभेल<br>३.होमपाईप<br>४.अचारबनाउने तालिम<br>५.कटवाँसका फर्निचर बनाउने तालिम | १.सडक ग्राभेलको योजना सम्बोधन भएको |
| ७ | नागरिक सचेतना केन्द्र शिवगंगा टोल टी.न.पा वडा नं.७ झनझटपुर | १.सिप मूलक तालिम<br>२.बाटो ग्राभेल<br>३.कल्भर्ड<br>५.बङ्गुर पालन | १.वसन्ता कुलामा कल्भर्ड बनाउने तालिम<br>२.बङ्गुर पालन सम्बोधन भएको |
| ८ | नागरिक सचेतना केन्द्र फारलाई टोल टी.न.पा. वडा नं.८ राजीपुर | १.दालमोट बनाउने तालिम<br>२.फारलाई टोलको सडक ग्राभेल<br>३.माटो पटानी | १.दालमोट बनाउने तालिम सम्बोधन<br>२.माटोपटानी भएको |
| ९ | जनज्योति नागरिक सचेतना केन्द्र टी.न.पा वडा नं.९ ज्योतिनगर | १.सिपमूलक तालिम<br>२.पौढ शिक्षा<br>३.सचेतना केन्द्रको भवन | यस आर्थिक वर्ष कुनै पनि सम्बोधन नभएको |
| १० | सरस्वती नागरिक सचेतना केन्द्र टी.न.पा वडा नं. ९ व्यवसाय क्षेत्र | १.आय आर्जनका लागि बाख्रापालन<br>२.समूह घर | १.आयआर्जनका लागि २० जनालाई एक एक वटा बाखा वितरण |

टीकापुर नगरपालिकाका नौवटा वडाका १० वटा नागरिक सचेतना केन्द्रले गत आर्थिक वर्ष २०६९/७० का लागि नगरपालिकासँग अनुरोध गरेका जम्मा ३६ वटा योजनाहरुमा केवल ६ वटा मात्र सम्बोधन गरेको देखिन्छ । यसबाट के देखिन्छ भने नगरपालिका स्वयम् आफैले विपन्न समुदायको रुपान्तरण गर्नका लागि स्थापना गरिएको सचेतना केन्द्रका प्रक्रियागत रुपमा आएका मागहरुलाई पनि प्रभावकारी रुपमा सम्बोधन गरेको पाइँदैन । कार्यक्रम सञ्चालन भएको दुई वर्षको अवधिमा सचेतना केन्द्रका सदस्याहरुको आफू किन बन्चितिमा परियो भन्ने कुरा र सामाजिक सहभागिताको आवश्यकताका बारेमा जानकारी तथा सचेतीकरण भएको देखिन्छ भने नगरपालिकाको सेवा सुविधामा पहुँच अझैं पनि बढेको देखिएन ।

## अध्ययनको निष्कर्ष, प्राप्ति तथा सुझाब

### निष्कर्ष

नागरिक सचेतना केन्द्रको प्रभावकारितासम्बन्धी अध्ययन अवलोकन तथा लक्षित समूह छलफलमा आधारित एक वर्णनात्मक विधिमा आधारित लघु अनुसन्धान हो । नेपाल सरकारले वि.स.२०६७ सालबाट स्थानीय निकायहरुमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बृहत् रुपमा देशभरि सञ्चालित गरेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य स्थानीय निकायहरुको सेवा प्रभावमा प्रभावकारिता अभिबृद्धि गर्ने तथा सेवाग्राही बहिष्करणमा परेका समुदायको हक अधिकार तथा माग गर्ने क्षमतामा विकास गर्ने रहेको छ । नेपालमा हालसम्म समुदाय स्तरमा सञ्चालन भएका सामजिक परिचालनका विभिन्न मोडेलहरुमध्ये रुपान्तरित सामाजिक परिचालन विधि यस कार्यक्रमा अवलम्वन गरिएको छ । नागरिक सचेतना केन्द्र यस कार्यक्रमको एउटा महत्त्वपूर्ण अङ्ग हो । टीकापुर नगरपालिकामा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम लागु भएरको अढाई वर्षको अवधिमा प्रत्येक वडाका तुलनात्मक रुपमा विपन्न बस्तीमा एक एक वटा सचेतना केन्द्र स्थापना भएको छ । यस कार्यक्रमले नागरिक सचेतना केन्द्रलाई बिपन्न तथा बहिष्करणमा परेका समुदायका नागरिकहरुलाई सङ्गठित गराई सहभागितात्मक रुपमा दैनिक जीवनसँगका समस्याहरुको व्यावहारिक छलफल तथा संवादबाट सचेतीकरण गरी सामाजिक रुपान्तरण गर्ने माध्यमको रुपमा लिएको छ । यस सन्दर्भमा नागरिक सचेतना केन्द्रको लक्ष तथा उद्देश्यअनुसार सम्बन्धित क्षेत्रका नागरिकहरुमा के कस्तो प्रभाव परेको छ भन्ने जिज्ञाशाको प्रतिउत्तर खोज्ने प्रयास यस अध्ययनले गरेको छ । यस लघु अध्ययनले नागरिक सचेतना केन्द्र गठन तथा सञ्चालन प्रक्रिया नगरपालिका दिग्दर्शन २०६७ को प्रावधान अनुसार सञ्चालन भएको पाइयो । भने सचेतना केन्द्रका सदस्यहरुमा सचेता कक्षाबाट राम्रो प्रभाव परेको देखिन्छ। सामाजिक विकास कालागि सङ्गठित हुने सिपमा विकास भएको देखिन्छ। आफूहरु

किन विपन्न तथा बहिष्करमा परेका छौं भन्ने कारणहरुको महसुसीकरण भएको छ। नगरपालिको सेवा सुविधाका बारेमा पहिले भन्दा अहिले जान्ने तथा साचोमा बृद्धि भएको छ। सचेतना केन्द्रका सहभागी महिलाहरुले आफ्नो सामाजिक पहिचान बनाउने बनाउने क्रमको विकास भएको छ। नागरिकता र विवाह दर्ता जस्ता पक्षमा पहिलेभन्दा उल्लेखनीय परिवर्तन देखिन्छ। सचेतना केन्द्रका सहभागी तथा बस्तीको विकास र सेवा सुविधामाा कार्यक्रले अपेक्षा गरेअनुसारको पहुँच बृद्धि भएको भने देखिएन। विशेषगरी यस अवधारणालाई नगरपालिकाले संस्थागत जिम्मेबारी तथा कार्यक्रमको रुपमा लिनु आवश्यक देखिन्छ। सचेतना केन्द्रका सकारात्मक पक्षहरुको विपन्न समुदायको सशक्तीकरणमा निरन्तरता दिनु पर्दछ। नगरपालिलकाले यस किसिमका कार्यक्रमको समय समयमा अनुगम तथा प्रभाव मूल्याङ्कन गरी समीक्षा गर्नु आवश्यक देखिन्छ।

प्राप्ति

**नागरिक सचेतना केन्द्र सञ्चालन विधि तथा प्रक्रिया**

- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्माण गरेको नगरपालिका सामाजिक परिचालन दिग्दर्शन २०६७ मा नागरिक सचेतना केन्द्र सञ्चालन विधि तथा प्रक्रियाका रुपमा स्पष्ट उल्लेख गरिएको छ।
- टीकापुर नगरपालिका ९ वटा वडाका १० वटा नागरिक सचेतना केन्द्रहरुको सञ्चालन विधि तथा प्रक्रिया दिग्दर्शनअनुसार सञ्चालन भएको पाइयो।
- सचेतना केन्द्रको स्थान छनोट गर्नका लागि विपन्न घरधुरी सर्वेक्षण गरिएको छ भने सचेतना केन्द्रका सहभागीहरुको छनोट गर्नका लागि सहभागितात्मक रुपमा (पी.आर.ए.) सम्पन्नता स्तरीकरण गरी विपन्न घरधुरीको प्रतिनिधित्व रहेको पाइयो।
- सबै सचेतना केन्द्रहरुको व्यवस्थापन समितिको गठन दिग्दर्शनअनुसार रहेको छ र भने सचेतना केन्द्रको सञ्चालन समय छलफलको विषयवस्तु अनुसार तिन घण्टासम्म पनि रहेको छ।
- सचेतना केन्द्रमा छलफल भएका विषय वस्तु स्थानीय परिवेश र जानकारी मूलक रहेका देखिन्छन्।
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट नगरपालिकाको योजना निर्माण गर्ने प्रक्रियामा स्थानीय विकास मन्त्रालयले तोकेको ढाँचाअनुसार क्रमशः अनुसरण भएको देखिन्छ।

**नागरिक सचेतना केन्द्रले सहभागीहरुमा पारेको प्रभाव**

- सचेतना केन्द्रले सहभागीहरुको व्यक्तिगत जीवनमा पारेको प्रभाव अध्ययन गर्दा सचेतना केन्द्रको सचेतीकरणका प्रयासले महिला सहभागीहरुले आफ्नो परिचय तथा पहिचान समुदाय तथा नयाँ परिवेश र व्यक्तिहरुको अगाडि निर्धक्क भएर दिन सक्ने भएको परिवर्तनको अनुभव सहभागीको रहेको पाइयो।

- समाजमा शक्ति सम्बन्ध र बन्चितीकरणका बारेमा जानकारी प्राप्त गरेपछि सचेतना केन्द्रका सहभागीहरु स्थानीय समस्याहरुको सङ्गठित रुपमा समाधान गर्ने बानी तथा सिपको विकास भइरहेको पाइयो ।
- महिलाहरुको सामाजिक गतिविधिमा सहभागिता तुलनात्मक रुपमा पहिलेभन्दा बृद्धि भएको देखिन्छ जसको फलस्वरुप महिलाहरुले आफ्नो सामाजिक हैसियत बृद्धि भएको महसुस गरेका छन् ।
- नागरिकताको प्रमाणपत्र, जन्म, मृत्यु तथा विवाह दर्ता जस्ता कार्यमा महिलाहरुको सजकता बृद्धि भएको देखिन्छ ।
- सचेतना केन्द्रका सहभागीहरुमा आफनो टोलबस्तीका लागि नगरपालिकामा माग गरिने योजना तथा कार्यक्रमको विधि तथा प्रक्रियाको जानकारी तथा चासो बृद्धि हुँदै गइरहेको पाइयो ।
- पी.आ.ए. विधि अन्तर्गत चुहिने ग्राह्रो मार्फत आम्दानी तथा खर्चको विश्लेषण गरी गरिएको अभिमुखीकरणबाट सहभागीहरुमा फजुल खर्च कम गर्नुपर्छ भन्ने सचेतना भएको देखिन्छ ।

### सेवा सुविधामा नागरिक सचेतना केन्द्रको पहुँच

- नागरिक सचेतना केन्द्रका सहभागीहरुको सामाजिक गतिविधमा सहभागी तुलनात्मक रुपमा बृद्धि भएको देखिन्छ । जस्तैः स्थानीय उपभोक्ता समिति,अनुगमन समिति,विद्यालय व्यवस्थापन समति, बचत तथा ऋण समूह आदि ।
- नगरपालिकामा १० वटा सचेतना केन्द्रले माग गरेका ३६ वटामध्ये ६ वटा योजनाहरुमात्र सम्बोधन भएको देखिन्छ । यसबाट के देखिन्छ भने नगरपालिकाको सेवा सुविधामा अपेक्षा गरे अनुसारको पहुँच वृद्धि नागरिक सचेतना केन्द्रको देखिँदैन ।
- अन्य विकाससँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरुमा सचेतना केन्द्रको पहुँच रहेको पाइएन ।
- नगरपालिकाको सेवा सुविधा वितरण र योजना निर्माण प्रक्रियामा तुलनात्मक रुपमा स्थानीय शासन तथा समुदाय विकास कार्यक्रम लागु भइसकेपछि प्रक्रिया र नीतिगत तहमा केही सुधार भएको नगरपालिकाको दाबी रहको देखिन्छ ।

### सुझावहरू

- नागरिक सचेतना केन्द्रका सदस्यहरुमा विपन्नता र बहिष्करणका मूलभूत कारणका बारेमा सचेतना बृद्धि भई आफ्ना लागि सेवा प्रदायक निकायमा माग राख्ने क्षमता पनि विकास भएको देखिन्छ तर सेवा प्रदायक निकाय (नगरपालिका) ले आफ्ना सेवाको वितरणमा प्रभावकारिता बृद्धि गरी सृजनशील सहयोगको आवश्यकता देखिन्छ ।

- नगरपालिकाले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत रुपान्तरित सामाजिक परिचालन अवधारणालाई  दात्री निकायमुखी र लादिएको अवधारणाको रुपमा नलिई संस्थागत अवधारणाको रुपमा लिनु आवश्यक छ ।
- राजनीतिक दल, नागरिक समाज तथा विकाससँग सरोकार राख्ने अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुले स्थानीय निकायअन्तर्गत सञ्चालित रुपान्तरित सामजिक परिचालनको अवधारणामा  नागरिक सचेतना केन्द्रका गतिविधि तथा आवश्यकतामा सृजनशील सहयोगको आवश्यकता देखिन्छ ।
- बहिष्करणमा परेका समुदायको सकारात्मक सहयोगका लागि नागरिक सचेतना केन्द्रले वडा नागरिक मञ्चमार्फत् माग गरेका योजना तथा कार्यक्रम लाई नगरपालिका एकीकृत योजना तर्जुमा समितिले प्राथमिकता प्रदान गरी योजनाका स्वीकृत गर्नु आवश्यक देखिन्छ ।
- नागरिक सचेतना केन्द्रले समुदायको सशक्तीकरणमा रुपान्तरित सामाजिक परिचालन विधि विशेषगरी विपन्न समुदायको अधिकारको सचेतीकरणलाई बढी जोड दिएको पाइन्छ बहिष्करणमा  परेका समुदायको सशक्तिकरणका लागि अधिकारको साथसाथै आर्थिक पक्षलाई पनि सँगसँगै लैजाँदा प्रभावकारी हुने देखिन्छ  ।
- नागरिक सचेतना केन्द्रले सम्बन्धित बस्तीका विपन्न समुदायमा सदस्यहरुको  सोच तथा सामाजिक र नागरिक चेतनामा बृद्धि गरेको देखिन्छ । यस किसिमको अभ्यासलाई ग्रामीण विपन्न समुदायको विकासका लागि स्थानीय शासन तथा अन्य विकाससँग सरोकारवाला क्षेत्रमा पनि निरन्तरता दिनु पर्दछ ।
- नेपाल सरकारले आफ्ना निकायमार्फत् समुदाय स्तरमा विकासका लागि अनुसरण गरेका अवधारणाहरु समय समयमा प्रभाव अध्ययन  तथा समीक्षा गरी  प्रतिफलका आधारमा निरन्तरता दिनु आवश्यक देखिन्छ। केवल दात्री निकाय दबाब र आर्थिक अनुदान रहेसम्म मात्र प्राथमिकता दिने चलनको अत्य गर्नु पर्छ ।
- टीकापुर नगरपालिकाले लक्षित तथा विपन्न समुदायका लागि विनियोजन गरेको रकमको वितरण स्थानीय सामाजिक संघ संस्था मार्फत् गर्ने प्रावधानलाई वितरीत रकम सम्बन्धित समुदायसम्म पुगे नपुगेको अध्ययन तथा अनुगमन गरी यस प्रक्रियाको प्राभावकरितामा विशेष जोड दिन आवश्यक देखिन्छ ।

## सन्दर्भ सामग्री

टीकापुर नगरपालिका (२०६९), *वार्षिक बुलेटिन, नीति, योजना, बजेट तथा कार्यक्रम* (आ.ब.२०६९/७०), वार्षिक प्रगति विवरण (आ.ब.२०६८/०६९) ।

*नगरपालिका सामाजिक परिचालन दिग्दर्शन* (२०६७), नेपाल सरकार स्थानीय विकास मन्त्रालय ।

बस्नेत शेरबहादुर र ढकाल, किरण (२०११), *सम्पादन, रिफ्लेक्ट स्रोत सामग्री नोभेम्बर,* एक्सन एड नेपाल ।

......*मानवअधिकार शिक्षा प्रवर्द्धन अभियान प्रभाव मूल्याङ्कन* (२०१२), मानव अधिकार सचेतन तथा सामाजिक विकास केन्द्र टीकापुर, कैलाली नेपाल ।

सामाजिक परिचालन निर्देशिका (२०६६), *नेपाल सरकार स्थानीय विकास मन्त्रालय,* LGCDP

.........*स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम* (LGCDP) पहिलो चौमासिक प्रगति प्रतिवेदन २०६९/०७० ।

शाही, मीनबहादुर (२०६९), *स्थानीय निकयमा जवाफदेहिताको आवश्यकता,* टी.एम.सी. सौगात अङ्क ४, टीकापुर बहुमुखी क्याम्पस, टीकापुर कैलाली ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६६), *शैक्षणिक विधि,* काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

BK, U.B. (2012), *Mainstreaming Dalits in Local Goernance ,Nepali Journal of Contemporary Studies* (vol xii, no.1,).Nepal Centre for Contemporary Studies, Kathmandu Nepal.

Dahal, D.R. (2010). *Quantitative and Qualitative Data Collection and Analysis: Some Examples from Social science Research in Nepal.* Nepali Journal of Contemporary Studies (vol,x,no1) march, Nepal Centre for Contemporary Studies,Kathmandu Nepal.

Lioyd -Evans S. (2006). *Focus Groups.Doing Development Research ,* Ed.Vandana Desai and Robert B.Potter, New Delhi : Vistaar Publication. .

Nepal P. (2007). *Participatory Local Organization as an Approarch to Rural Development in Nepal, Nepalese Journal of Development and Rural Studies* (vol.4). Central Development of Rural Development, T.U.Kirtipur Nepal.

LGCDP, *Program Document* (2008), Ministry of Local Development.